प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/०८०

## संघीय सशर्त अनुदान (शिक्षा क्षेत्र विकास कार्यक्रम)
## (ब.उ.शि.न. ३५०९११२४)

### प्रशासन तथा शैक्षिक योजना महाशाखा
### (शैक्षिक योजना तथा अनुगमन शाखा)

१. कार्यक्रमको नाम : वौद्दिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | ३१११२ | ११.१.२.२८ | १ | १८००० | दोस्रो, तेस्रो र चौथो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • वौद्दिक अपाङ्गता भएका बालबालिकाका लागि प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय स्थापना गरी लक्षित समूहका बालबालिकालाई आवासीय सुविधा सहित पठनपाठन गराउनु |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयबाट आ.व. ०७५/०७६ मा पूर्वाधारयुक्त आवासीय विद्यालय स्थापनाका लागि छनौट गरिएको पञ्चायत मा.वि. पथरी शनिश्चरेको स्वीकृत DPR अनुसार हाल सम्म भएको कार्यको प्राविधिक मूल्याङ्कन र यस आ.व.का लागि निर्धारित बजेट रु. १ करोड ८० लाख बाट गर्ने निर्माण कार्यको Drawing, Design र स्वीकृत लागत Estimate तथा प्राविधिक कार्यको सहयोग सम्वन्धित नगरपालिकाबाट हुने पत्र संलग्न राखी प्रस्ताव माग गर्ने ।<br>• विद्यालयबाट प्राप्त प्रस्ताव अध्ययन गरी मन्त्रालयले यस आ.व.का लागि निर्धारित बजेट रु. १ करोड ८० लाख बरावरको कार्यक्रम स्वीकृत गर्ने ।<br>• आर्थिक कार्यविधि ऐन र नियमावली तथा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार सार्वजनिक वोलपत्रको माध्यमबाट निर्माण कार्य गराउने गरी मन्त्रालयले विद्यालयसंग (वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकको हस्ताक्षर हुने) सम्झौता गरी प्रथम पटक २० प्रतिशतले हुने रकम विद्यालयको खातामा पेश्की निकासा दिने ।<br>• निर्माण कार्यको प्राविधिकबाट तयार भएको नापी किताव, रनिङ बिल/अन्तिम बिल, मूल्याङ्कन प्रतिवेदन तथा खरिद सम्बन्धी बिल, भर्पाई वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकले प्रमाणित गरी बि.ब्य.स.बाट सम्पन्न भएको कार्य खुल्ने ब्यहोराको निर्णय संलग्न राखी विद्यालयको रकम निकासा माग पत्रका आधारमा पेश्की फछ्र्यौट र विद्यालयको खातामा थप निकासा दिने ।<br>• विद्यालयले निर्माण कार्यसँग सम्वन्धित सम्पूर्ण कार्य २०८० असार १५ गते भित्र सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन, खरिद तथा निर्माण कार्यका वील भरपाइहरू र व्यवस्थापन समितिबाट भएको कार्य खुल्ने व्यहोराको निर्णय समेत संलग्न राखी मन्त्रालयमा पेश गर्ने ।<br>• विद्यालयले प्राविधिक तथा व्यवस्थापकीय कार्यका लागि कूल ठेक्का रकमको बढीमा ३ प्रतिशत सम्म रकम Contingengeny वापत खर्च गर्न सक्ने । |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय<br>• पञ्चायत मा.वि., पथरी शनिश्चरे नगरपालिका |
| अपेक्षित उपलब्धि | • वौद्दिक अपाङ्गता भएका २०० जना बालबालिकाका लागि प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय स्थापनाको लागि पूर्वाधार तयारी भएको हुने । |
| अनुगमन सूचक | • विद्यालयमा निर्माण भएको पूर्वाधार, संलग्न Drawing, Design र स्वीकृत लागत Estimate तथा प्रमाणित नापी किताव |

२. कार्यक्रमको नाम : स्थानीय तह र प्रदेशसंगको साझेदारीमा ठूला विद्यालय विकास गर्ने छनौट भइ DPR तयार भएका विद्यालयका लागि पूर्वाधार विकास अनुदान

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | ३११९२ | ११.१.२.७७ | ३ | ३०००० | दोस्रो, तेस्रो र चौथो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • प्रदेशमा पूर्वाधार सहितका ३ ओटा ठूला विद्यालय विकासका लागि पूर्वाधार विकासको सुरुवात गर्ने । |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयबाट आ.व. ०७६/०७७ मा प्रदेशमा ठूला विद्यालय विकासका लागि छनौट गरिएका श्री साजिलाल मा.वि सुन्दरहरैंचा नगरपालिका, मोरङ, श्री जडेज मा.वि. वराहक्षेत्र नगरपालिका, सुनसरी र श्री जनसहयोग मा.वि. इटहरी नगरपालिका, सुनसरीको स्वीकृत DPR अनुसार यस आ.व.का लागि निर्धारित बजेट रु. १/१ करोडबाट गर्ने निर्माण कार्यको Drawing, Design र स्वीकृत लागत Estimate तथा प्राविधिक कार्यको सहयोग सम्वन्धित नगरपालिकाबाट हुने पत्र संलग्न राखी प्रस्ताव माग गर्ने ।<br>• विद्यालयबाट प्राप्त प्रस्ताव अध्ययन गरी मन्त्रालयले यस आ.व.का लागि प्रति विद्यालय निर्धारित बजेट रु. १ करोड बरावरको कार्यक्रम स्वीकृत गर्ने ।<br>• आर्थिक कार्यविधि ऐन र नियमावली तथा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार सार्वजनिक वोलपत्रको माध्यमबाट निर्माण कार्य गराउने गरी मन्त्रालयले विद्यालयसंग (वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकको हस्ताक्षर हुने) सम्झौता गरी प्रथम पटक २० प्रतिशतले हुने रकम विद्यालयको खातामा पेश्की निकासा दिने ।<br>• निर्माण कार्यको प्राविधिकबाट तयार भएको नापी किताव, रनिङ बिल/अन्तिम बिल, मूल्याङ्कन प्रतिवेदन तथा खरिद सम्बन्धी बिल, भर्पाई वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकले प्रमाणित गरी बि.ब्य.स.बाट सम्पन्न भएको कार्य खुल्ने ब्यहोराको निर्णय संलग्न राखी विद्यालयको रकम निकासा माग पत्रका आधारमा पेश्की फछ्यौंट र विद्यालयको खातामा थप निकासा दिने ।<br>• विद्यालयले निर्माण कार्यसँग सम्वन्धित सम्पूर्ण कार्य २०८० असार १५ गते भित्र सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन, खरिद तथा निर्माण कार्यका वील भरपाइहरू र व्यवस्थापन समितिबाट भएको कार्य खुल्ने व्यहोराको निर्णय समेत संलग्न राखी मन्त्रालयमा पेश गर्ने ।<br>• विद्यालयले प्राविधिक तथा व्यवस्थापकीय कार्यका लागि कूल ठेक्का रकमको बढीमा ३ प्रतिशत सम्म रकम Contingengeny वापत खर्च गर्न सक्ने । |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय<br>• आ.व. २०७६/०७७ मा प्रदेशमा ठूला विद्यालय विकासका लागि छनौट गरिएका ३ ओटा विद्यालयहरू |
| अपेक्षित उपलब्धि | • प्रदेशमा २००० वा सो भन्दा बढी विद्यार्थी अध्ययन गर्न सक्ने ३ ओटा विद्यालयको पूर्वाधार विकासको काम सुरु हुने । |
| अनुगमन सूचक | • विद्यालयमा निर्माण भएको पूर्वाधार, संलग्न Drawing,Design र स्वीकृत लागत Estimate तथा प्रमाणित नापी किताव |



सचिव मन्त्री

३. कार्यक्रमको नाम : वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी र प्रकाशन

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | २२५२२ | २.७.१३.७१ | १ | ३०० | पहिलो,दोस्रो, तेस्रो र चौथो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | संघीय सशर्त अनुदानको कार्यक्रमबाट प्राप्त बजेट तथा कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र सम्वन्धित निकायमा पेश गर्नु |
| सञ्चालन प्रक्रिया | • प्रत्येक त्रैमासिक अवधि सकिएपछि संघीय सशर्त अनुदानको कार्यक्रमबाट भएका कार्यक्रमको क्रियाकलापगत प्रगति संकलन गर्ने,<br>• प्रगति विवरण तयार गरी मन्त्रालयमा छलफल गर्ने,<br>• सम्वन्धित निकायमा पेश गर्ने । |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय, शैक्षिक योजना तथा अनुगमन शाखा |
| अनुगमन सूचक | • प्रगति विवरण<br>• मन्त्रालयमा भएको छलफल |

४. कार्यक्रमको नाम : विपद व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | २२५२२ | २.७.१३.७४ | | २०००० | दोस्रो, तेस्रो र चौथो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • विद्यालयमा आइपर्ने विभिन्न विपदको व्यवस्थापनका लागि योजना निर्माण तथा क्षतिको विवरण अनुसार पूर्वाधार निर्माण तथा सिकाइ सामग्री सहयोग गरी विद्यार्थीको सिकाइ निरन्तरताको वातावरण तयार गर्ने । |
| सञ्चालन प्रक्रिया | • विभिन्न विपदको कारण विद्यालयको भौतिक संरचना तथा सिकाइ सामग्रीमा पुगेको क्षति एकिन गर्न विद्यालयबाट:<br>(क) विद्यालयमा भएको विपद जोखिम सम्वन्धमा स्थानीय विपद व्यवस्थापन समितिको निर्णय सहित स्थानीय तहको सिफारिस<br>(ख) सुरक्षा निकायको रोहववरमा तयार पारिएको मुचुल्का<br>(ग) क्षतिको विवरण देखाउने फोटोहरू<br>(घ) उक्त विपद व्यवस्थपनका लागि अन्य कुनै सरकारी निकायबाट कुनै सहयोग नपाएको व्यहोराको विद्यालयको पत्र<br>(ङ) पूर्वाधार निर्माण कार्यमा सहयोग गर्ने स्थानीय तहको पत्र र<br>(च) निर्माण तथा मर्मत कार्यको स्वीकृत लागत Estimate संलग्न राखी स्थानीय तहले गरेको प्राथमिकता अनुसार विद्यालयले मन्त्रालयमा कागजात पेश गर्ने,<br>• विद्यालयबाट पेश भएका कागजात अध्ययन गरी मन्त्रालयले कार्यक्रम र बजेट स्वीकृत गर्ने, |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर

मन्त्री

सचिव

| | |
|---|---|
| | • मन्त्रालयले विद्यालयसंग (वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकको हस्ताक्षर हुने) सम्झौता गरी प्रथमपटक निर्धारित बजेटको ६० प्रतिशतले हुने रकम सम्बन्धित विद्यालयको खातामा पेश्की निकासा दिने ।<br>• निकासा भएको रकमत्राट भएको निर्माण कार्यको प्राविधिकबाट मूल्याङ्कन गराइ वि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकले प्रमाणित गरेको नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, खरिद तथा निर्माण कार्यका वील भरपाइहरू र व्यवस्थापन समितिबाट भएको कार्य खुल्ने व्यहोराको निर्णय समेत संलग्न राखी विद्यालयले वांकी रकम निकासा माग गर्ने ।<br>• विद्यालयले निर्माण कार्यसँग सम्बन्धित सम्पूर्ण कार्य २०८० असार १५ सम्म सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन खरिद तथा निर्माण कार्यका वील भरपाइहरू र व्यवस्थापन समितिबाट भएको कार्य खुल्ने व्यहोराको निर्णय समेत संलग्न राखी मन्त्रालयमा पेश गर्ने । |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय र सम्बन्धित स्थानीय तह |
| अपेक्षित उपलब्धि | • विद्यालयमा आइपर्ने विभिन्न विपदको व्यवस्थापनका लागि योजना निर्माण तथा क्षतिको विवरण अनुसार पूर्वाधार निर्माण तथा सिकाइ सामग्री सहयोग भइ सिकाइ निरन्तरताको वातावरण तयार भएको हुने । |
| अनुगमन सूचक | • विद्यालयमा निर्माण भएको पूर्वाधार, स्वीकृत लागत Estimate तथा प्रमाणित नापी किताव, कार्य सम्पन्न प्रतिवेदन । |

५. **कार्यक्रमको नाम : शैक्षिक नीति कार्यक्रम तथा निर्देशिका सम्वन्धमा अभिमुखीकरण**

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | २२५२२ | २.७.१३.७७ | | ३०० | दोस्रो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • शिक्षा नीति विद्यालय शिक्षा क्षेत्र कार्यक्रम तथा आ.व. २०७९/८० का कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिका अभिमुखीकरण गर्नु, |
| सञ्चालन प्रक्रिया | • मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र स्थानीय तहमा कार्यरत शिक्षा शाखा प्रमुख/अधिकृत मध्येबाट सहभागी संख्या एकिन गर्ने,<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रसंग समन्वय गरी २ दिनको कार्यक्रम र प्रस्तुतीकरण र छलफलका विषय निर्धारण गर्ने |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धि | • शिक्षा नीति २०७६ मा व्यवस्था गरिएको प्रदेश र स्थानीय तहको शैक्षिक भूमिका स्पष्ट हुने,<br>• २०७९/०८० का संघीय सशर्त अनुदानका कार्यक्रम र प्रदेश सरकारका कार्यक्रम तथा कार्यान्वयन पुस्तिकामा भएका कार्यान्वयन प्रक्रियाको जानकारी हुने । |
| अनुगमन सूचक | • सहभागीहरूको विवरण<br>• प्रस्तुतीकरण गरिएका विषयहरू |

सचिव

मन्त्री

६. कार्यक्रमको नाम : प्रदेसस्तरीय IEMIS व्यवस्थापन

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | २२५२२ | २.७.१३.९२ | १ | ३०० | तेस्रो र चौथो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको IEMIS Software अनुसार प्रदेशस्तरीय तथ्याङ्क तयारी र प्रकाशन गर्नु, |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका विद्यालयहरू मध्ये कम्तिमा २ प्रतिशत विद्यालयको स्थलगत अनुगमन गरी IEMIS सत्यापन गर्ने<br>• प्रदेशस्तरीय शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन तयारी र प्रकाशन गर्ने |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धि | • शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको IEMIS Software मा प्रदेशस्तरीय सूचना थप गर्ने विषयवस्तु तयार हुने<br>• प्रदेशस्तरीय शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन तयारी र प्रकाशन भएको हुने |
| अनुगमन सूचक | • प्रदेशस्तरीय तथ्याङ्क प्रकाशन |

७. कार्यक्रमको नाम :शिक्षा विकास तथा समन्वय इकाइसंग कार्यक्रम कार्यान्वयनको समीक्षा तथा समन्वय बैठक

| वजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | क्रियाकलाप नम्बर | भौतिक परिमाण | वजेट रू हजारमा | समयअवधि |
|---|---|---|---|---|---|
| ३५०९११२४ | २२५२२ | २.७.१३.१२९ | | ६४० | दोस्रो र तेस्रो त्रैमासिक |

| | |
|---|---|
| उद्देश्य | • प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र शिक्षा विकास तथा समन्वय इकाइ वीच शैक्षिक कार्यक्रम निर्माण तथा कार्यान्वयनमा समन्वय कायम गर्नु, |
| सञ्चालन प्रक्रिया | • मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइको प्रतिनिधित्व हुने गरी सहभागी संख्या एकिन गर्ने,<br>• विषयवस्तु निर्धारण गरी अन्तरक्रियात्मक बैठक सञ्चालन गर्ने । |
| मुख्य जिम्मेवारी | • सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धि | • प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र शिक्षा विकास तथा समन्वय इकाइ वीच शैक्षिक कार्यक्रम निर्माण तथा कार्यान्वयनमा समन्वय कायम हुने |
| अनुगमन सूचक | • सहभागीहरूको विवरण<br>• प्रस्तुतीकरण गरिएका विषयहरू |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर

सचिव

मन्त्री

## संघीय ससर्त अनुदानका खेल पुर्वाधार निर्माण तथा स्तरोन्नति

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS Code | लक्ष्य | एकाइ | विनियोजित रकम (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०९११२१ | | | १७ | वटा | १९००० | दोस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमी | • प्रदेशभित्र खेलकुद पूर्वाधार निर्माणका लागि प्रदेश तथा संघीय सरकारले कार्य गर्दै आइरहेको छ । आर्थिक बर्ष २०७५/७६ बाट एक स्थानीय तह एक खेलमैदान निर्माण कार्यको शुरुवात गरिएकोमा संघीय सरकारबाट समेत खेल पुर्वाधार विकासका लागि ससर्त अनुदानका कार्यक्रम निरन्तर प्राप्त भएका छन् । |
| उद्देश्य | • खेलकुद क्षेत्रको पुर्वाधार विकास गर्नु । |
| अपेक्षित उपलब्धि | • स्वस्थ जीवनका लागि खेलकुद अभ्यासका लागि खेल स्थल उपलब्ध हुने, खेलकुद विकासमा मद्दत पुग्ने । |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयले योजनाको जानकारी सम्वन्धित स्थानीय तह तथा सम्वन्धित सरोकावालाहरुलाई दिने ।<br>• स्थानीय तहको सहयोगमा योजना सञ्चालन हुने निकाय/समिति/विद्यालयको थप १० प्रतिशत लागत सहभागिता सहित योजनाको लागत अनुमान /प्राविधिक इस्टिमेट गर्ने/गराउने ।<br>• लागत अनुमान स्वीकृत गरी योजना सञ्चालन गर्ने निकाय/समिति/विद्यालयसँग सम्झौता गर्ने ।<br>• मन्त्रालयबाट योजना सञ्चालन गर्ने निकाय/समिति/विद्यालयलाई खेल पुर्वाधार विकासको योजना बमोजिम कार्यादेश दिने ।<br>• सम्झौता बमोजिम योजना कार्यान्वयन गर्ने ।<br>• योजना सम्पन्न गरी सक्कल विल भरपाईं, स्थानीय तहबाट भएको प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन र स्थानीय तहको सिफारिस सहित रकम मागका लागि मन्त्रालयमा पेश गर्ने ।<br>• पेश भएका विल भरपाई, मूल्याङ्कनका आधारमा योजना सञ्चालन वापतको योजनाको स्वीकृत रकम निकाय/समिति/विद्यालयलाई भुक्तानी दिने ।<br>• योजनाको कुल बजेटको बढीमा ३ % रकम कन्टिन्जेन्सी वापत कट्टा गर्ने ।<br>• मन्त्रालय/ प्रदेश खेलकुद वोर्ड तथा शिक्षा विकास निर्देशनालयबाट योजनाको अनुगमन र सहजीकरण गर्ने । |
| जिम्मेवार निकाय | • सामाजिक विकास मन्त्रालय, प्रदेश खेलकुद वोर्ड, शिक्षा विकास निर्देशनालय/जिल्ला खेलकुद समिति/ सम्वन्धित समिति /स्थानीय तह/विद्यालय |
| प्रगती सूचक | . लागत इस्टिमेट, कार्यसम्पन्न प्रतिवेदन, मूल्याङ्कन विल, सम्झौता, निर्मित संरचना |
| प्रतिवेदन प्रणाली | • कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने । |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १

सचिव

मन्त्री